आज मिति २०८१ मसिर २३ गते यस मर्स्यांङदी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपसिल वमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :– श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :– श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :– श्री रुद्रमान गुरुङ (वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :– श्री चेत बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :– श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :– श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :– श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :– श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :– श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :– श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :– श्री हरिश्चन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :– श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :– श्री पूर्ण घले

कार्यपालिका सदस्य :– श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :– श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :– श्री मधु माया बगाले

कार्यपालिका सदस्य :– श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :– श्री अर्जुन चपाई

अन्य उपस्थिति :

लेखा अधिकृत :- श्री मनि राना मगर

प्रशासन शाखा प्रमुख :- श्री अनिल कुमार गुरुङ



Scanned with CamScanner

**मिति २०८१ मसिर २३ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु:**

**निर्णय नं. १ अघिल्लो बैठकको समिक्षा सम्बन्धमा :**

मिति २०८१/०८/०७ को मर्स्याङदी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णयहरु कार्यान्वयनको अवस्था बारे यस बैठकमा समिक्षा गरियो । साथै वडाको कार्य प्रगति बारे वडा अध्यक्ष ज्यूहरुको रिपोटिंङ भयो ।

**निर्णय नं. २ : बजेट तथा योजना सम्सोधन सम्बन्धमा ।**

आ.व. २०८१/०८२ को गाउँ विकास योजना अन्तर्गतको देहाय बमोजिमको बजेट तथा योजना र कार्यक्रमहरु सम्सोधनको लागि आ.व.२०८१/०८२ को दोस्रो गाउँ सभाको पहिलो बैठकमा पेश गर्ने यस गाउँपालिका गाउँ कार्यपालिकाको बैठकमा सर्व सहमतिले निर्णय गरियो ।

**आ.व. २०८१/०८२ तर्फ विनियोजित कार्यक्रम/योजनाहरूको प्रस्तावित संशोधन विवरण**

| वडा | क्र.सं. | योजना/कार्यक्रम विवरण (हाल कायम) | | क्र.सं. | योजना/कार्यक्रम विवरण (प्रस्तावित) | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | नाम | बजेट(रु.) | | नाम | बजेट(रु.) | |
| १ | १ | वाल्क्यु, सेने, सेल्को सडक | ३५००००.०० | १ | वाल्क्यु, सेने, सेल्को सडक | ४५००००.०० | गाभिएको |
| | २ | फन्क्यु खोला-सेने चौतारा गोरेटो वाटो | १०००००.०० | | | | |
| | ३ | गुम्बा - घनपोखरा सडक | २०००००.०० | १ | सेमिनार हल मरमत | ५०००००.०० | गाभिएको |
| | ४ | घनपोखरा होम स्टे प्रवर्द्धन | ३०००००.०० | | | | |
| | | जम्मा | ९५००००.०० | | जम्मा | ९५००००.०० | |
| २ | १ | बाख्रा तथा भैंसी प्रवर्द्धन कार्यक्रम | ४५००००.०० | १ | बाख्रा तथा भैंसी प्रवर्द्धन कार्यक्रम | ३८००००.०० | बजेट संशोधन |
| | | | | २ | साना किसान सहयोग कार्यक्रम | ७००००.०० | कार्यक्रम थप |
| | 2 | जम्मा | ४५००००.०० | | जम्मा | ४५००००.०० | |
| ३ | १ | घाँस विउ वेर्ना वितरण | १०००००.०० | १ | मागमा आधारित पशुपन्छि पालन तालिम | १०००००.०० | रकमान्तर |
| | | जम्मा | १०००००.०० | | जम्मा | १०००००.०० | |
| ४ | १ | दलित, अपाङ्ग, वृद्ध, महिला सशक्तिकरण तथा आय आर्जन कार्यक्रम | २०००००.०० | १ | ठेकी बनाउने मेशिन खरिद | ५००००.०० | टुक्र्याईएको |
| | | | | २ | नारी दिवस कार्यक्रम सञ्चालन | २००००.०० | टुक्र्याईएको |
| | | | | ३ | वृद्ध सम्मान कार्यक्रम | ३००००.०० | टुक्र्याईएको |
| | | | | ४ | विपन्न परिवार आर्थिक सहयोग कार्यक्रम | १०००००.०० | टुक्र्याईएको |
| | २ | सरस्वती सदन रामकुमारी आ.वि. व्याडमिन्टन कोट | २०००००.०० | १ | श्री सरस्वती सदन विद्या मन्दिर रामकुमारी आ.वि. चर्पी निर्माण | २०००००.०० | शिर्षक संशोधन |



अर्जुन गुरुङ
अध्यक्ष

चपाई
अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ३ | जडि बुटी खेती तथा हिउँदे वाली प्रवर्द्धन कार्यक्रम | ६०००००.०० | १ | कृषि सिँचाई स्याँखो | ६०००००.०० | शिर्षक संशोधन |
| | | **जम्मा** | **१००००००.००** | | **जम्मा** | **१००००००.००** | |
| ५ | १ | गुम्बाजाने बाटो | १०००००.०० | १ | तल्लो चामे सिँचाई | २०००००.०० | रकमान्तर |
| | २ | तल्लो चामे सिँचाई | १०००००.०० | | | | |
| | ३ | दिपज्योति आमा समुह भवन किचेन निर्माण | २०००००.०० | १ | दिपज्योति आमा समुह भवन स्तरोन्नती | २०००००.०० | नाम संशोधन |
| | ४ | जिजज् फेमिली चर्च | १०००००.०० | १ | सञ्जापु सडक मर्मत | १०००००.०० | नाम संशोधन |
| | | **जम्मा** | **५०००००.००** | | **जम्मा** | **५०००००.००** | |
| ६ | १ | विविध कार्यक्रम खर्च | ५०००००.०० | १ | पुस्तुन कालिका मन्दिर रेलिङ र वत्ती | १०००००.०० | टुक्रयाईएको |
| | | | | २ | शिवशक्ति आमा समुह | १०००००.०० | टुक्रयाईएको |
| | | | | ३ | कुसुमाखर आमा समुह फर्निचर खरिद | १०००००.०० | टुक्रयाईएको |
| | | | | ४ | शान्ती आमा समुह प्लाष्टिक कुर्चि, टेवल खरिद | १०००००.०० | टुक्रयाईएको |
| | | | | ५ | लाम्पाटा वाटो रेलिङ | ५००००.०० | टुक्रयाईएको |
| | | | | ६ | च.मा.वि. देखि वडा भवन सम्म कालो तार विस्तार | ५००००.०० | टुक्रयाईएको |
| | २ | फलफुल खेती प्रवर्दन | २०००००.०० | १ | कृषि भ्रमण कार्यक्रम | १०००००.०० | टुक्रयाईएको |
| | | | | २ | पल्पीङ मेशिन खरिद | १०००००.०० | टुक्रयाईएको |
| | | **जम्मा** | **७०००००.००** | | **जम्मा** | **७०००००.००** | |
| ७ | १ | कान्ले कुलो सिँचाइ मर्मत | ५०००००.०० | १ | ताराचोक कृषि सडक निर्माण | ७५००००.०० | गाभिएको |
| | २ | ताराचोक कृषि सडक निर्माण | २५००००.०० | | | | |
| | | **जम्मा** | **७५००००.००** | | **जम्मा** | **७५००००.००** | |
| ८ | १ | भङ्गेरी गुम्वा | ५०००००.०० | १ | रोटेखोला देखी जलजले सम्म मोटर बाटो सोलिङ | ५०००००.०० | शिर्षक संशोधन |
| | २ | लोकल कुखुरा प्रवर्धन कार्यक्रम | १५००००.०० | १ | तित्रेपानी मोटर बाटो मर्मत | १५००००.०० | शिर्षक संशोधन |
| | | **जम्मा** | **६५००००.००** | | **जम्मा** | **६५००००.००** | |
| ९ | १ | लालीगुराँस आमा समुह भवन | ३००००० | १ | लालीगुराँस आमा समुह भवन | ४५०००० | रकमान्तर |
| | २ | दलित बस्ति प्रतिक्षालय | १५०००० | | | | |
| | ३ | बगैचा सडक बत्ती | ५०००० | १ | गोपालडाँडा भरानघाँट | २५०००० | रकमान्तर |



अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)

अर्जुन गुरुङ
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ४ | गोपालडाँडा मरानघाँट मोटर बाटो | २००००० | | मोटर बाटो | | |
| | ५ | विधालयहरुलाई पुरो गार्ड वितरण | १००००० | १ | ढुना टपरी बनाउने मेसिन खरिद | ४००००० | रकमान्तर |
| | ६ | ढुना टपरी बनाउने मेसिन खरिद | ३००००० | | | | |
| | ७ | साउनेखोला ठुलो पँधेरो | २००००० | १ | साउनेखोला ठुलो पँधेरो | १००००० | बजेट संशोधन |
| | ८ | रोप्ले सेरा पाम्पचोक गौरेटो बाटो | १००००० | १ | रोप्ले सेरा पाम्पचोक गौरेटो बाटो | २००००० | बजेट संशोधन |
| | ९ | लामागाउँ स्वास्थ्य इकाई | ५०००० | १ | वडा कार्यालय सामान खरिद | ३००००० | गाभिएको |
| | १० | सिम्पानी स्वास्थ्य चौकी | ५०००० | | | | |
| | ११ | वडा कार्यालय सामान खरिद | २००००० | | | | |
| | | जम्मा | १७०००००.०० | | जम्मा | १७०००००.०० | |

<u>निर्णय नं. ३ : बजेट रकमान्तर सम्बन्धमा ।</u>

आ.व. २०८१/०८२ को गाउ विकास योजना अन्तर्गतको देहाय बमोजिमको योजनामा विनियोजित बजेट र आ.व. २०८०/०८१ को मौज्दाद रकमलाई देहाय बमोजिमको बजेट शिर्षकमा विनियोजन गर्न २०८१/०८२ को दोस्रो गाउं सभाको पहिलो बैठकमा पेश गर्ने यस गाउँपालिका गाउँ कार्यपालिकाको बैठकमा सर्व सहमतिले निर्णय गरियो ।

| आय | | | | | व्यय | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स | कार्यक्रम /आयोजनाको नाम | वडा नं. | विनियोजित रु. | | कार्यक्रम /आयोजनाको नाम | वडा नं. | विनियोजित रु. |
| १ | बालमैत्री शासन घोषणा तयारी कार्यक्रम | | १,०००,०००.०० | | मर्स्याङ्दी अस्पताल धेरा बार | गा.पा | २,०००,०००.०० |
| २ | पशु बिमा कार्यक्रम | | ५००,०००.०० | | आदर्श महिला तथा बाल विकास केन्द्र, बेसिशहर | | ५००,०००.०० |
| ३ | अघिल्लो आ.ब.को नगद मौज्दात | | १२,६६७,९३०.०० | | कृषि एमबुलेन्स खरिद | गा.पा | १,२००,०००.०० |
| ४ | खुदी खेल मैदान | | ५००,०००.०० | | विभिन्न धार्मिक ,सांस्कृतिक, साहित्यिक, महोत्सव, दिवस, गोष्ठि सम्बन्धी खर्च | गा.पा | ५६७,९३०.०० |
| ५ | | | | | नयां प्रशासकिय भवन फर्निचर खरिद | गा.पा | १,०००,०००.०० |
| ६ | | | | | नयां प्रशासकिय भवन विविध निर्माण | गा.पा | ५००,०००.०० |
| ७ | | | | | कार्यलय फर्निचर खरिद | गा.पा | १,०००,०००.०० |
| ८ | | | | | पशु पंक्षिउपचार कक्ष निर्माण | गा.पा | ५००,०००.०० |
| ९ | | | | | व्यवसायिक अकबरे खेति कार्यक्रम | ५,६,७,८ | १,०००,०००.०० |
| १० | | | | | ख्रिस्टीयन घनपोखरा मण्डली गेट निर्माण | १ | २००,०००.०० |



अर्जुन चपाईं
(प्रमुख प्रशासकीय अधिकृत)

अर्जुन गुरुङ
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | | | | | आनन्ददेवी प्रा.वि. गेट निर्माण | २ | २००,०००.०० |
| १२ | | | | | खुदी खोला तटबन्द | ३ | २,०००,०००.०० |
| १३ | | | | | थाकन गोरेटो बाटो | ३ | २००,०००.०० |
| १४ | | | | | जगत स्वास्थ्य चौकी भवन निर्माण | ४ | ९००,०००.०० |
| १५ | | | | | घेर्मु स्वास्थ्य चौकी मर्मत | ५ | २००,०००.०० |
| १६ | | | | | घेर्मु अस्थायी मोटरेवल पुल | ५ | २००,०००.०० |
| १७ | | | | | घेर्मु म्युजिय जाने बाटो | ५ | २००,०००.०० |
| १८ | | | | | भिर पुस्तुन सामुदायिक भवन तथा शौचालय | ६ | ३००,०००.०० |
| १९ | | | | | झादी - उस्ता - छिनखोला - बराहपोखरी सडक | ७ | १,०००,०००.०० |
| २० | | | | | महास्वारा सिंचाई | ८ | १००,०००.०० |
| २१ | | | | | भुस्मे - बाहपोखरी गोरेटो बाटो | ८ | २००,०००.०० |
| २२ | | | | | भलामचौर खेल मैदान | ९ | ५००,०००.०० |
| २३ | | | | | नवदुर्गा आमा समुह भवन | ९ | २००,०००.०० |
| २४ | | | | | भ्रिचे दलित सामुदायिक भवन | ९ | १००,०००.०० |
| | जम्मा | | १४,७६७,९३०.०० | | जम्मा | | १४,७६७,९३०.०० |

**निर्णय नं. ४: महालेखापरीक्षकबाट आ.व.२०८०/०८१ को कारोवारको लेखाको लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औल्याइएका वेरुजुका सम्बन्धमा ।**

सो वेरुजुको सूचना प्राप्त भएको ३५ (पैतीस) दिन भित्र सम्बन्धित कार्यालयले तोकिए वमोजिम फछ्यौट गरी सम्परीक्षणको लागि महालेखापरीक्षक समक्ष पेश गर्नु पर्ने व्यवस्था अनुसार सोही तोकिएको म्याद भित्र प्रारम्भिक प्रतिवेदनमा उल्लेखित व्यहोरा फछ्यौट तथा सम्परीक्षण गराउने नसक्ने मनासीव माफिकको कारणले जिम्मेवार व्यक्तिले कारण समेत उल्लेख गरी म्याद थपको लागि महालेखापरीक्षक समक्ष अनुरोध गर्ने राय सिफारिस स्वीकृत गरी लेखापरीक्षणवाट औल्याइएका वेरुजुका सम्बन्धमा असूल गर्नु पर्ने तथा तिर्नु बुझाउनु पर्ने भनी औंल्याईएको वेरुजु वाहेक अन्य बेरुजुको हकमा प्रचलित कानुन वमोजिम पुऱ्याउनु पर्ने रीत नपुगेको तर सरकारी नगदी जिन्सीको हानी नोक्सानी नभएको पुष्ट्याई गर्ने कारण सहितको प्रमाण पेश भएको र पालिकाले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले समय समयमा निर्देशित गरेको ऐन नियम कानुन कार्यविधि पूर्ण रुपमा पालना गरीने प्रतिवद्धताका साथ सम्परीक्षणका लागि पेश हुन आएका प्रतिवेदन सम्बन्धमा लेखा समितिबाट प्रमाण सहित पेश भएका निर्णयहरु स्वीकृत एवं अनुमोदन गरी सम्परीक्षणको लागि सभामा पेश गर्ने यस गाउँपालिका गाउँ कार्यपालिकाको वैठकमा सर्व सहमतिले निर्णय गरियो ।

अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)



अर्जुन गुरुङ
अध्यक्ष

**निर्णय नं. ५ : प्रधानमन्त्री रोजगार कार्यक्रमको स्थानीय निर्देशक समितिको बैठकको निर्णय सम्बन्धमा ।**

प्रधानमन्त्री रोजगार कार्यक्रमको स्थानीय निर्देशक समितिको मिति २०८१।०८।१३ गतेको बैठकले गरेको निर्णयहरु प्रस्तावको रुपमा सभामा पेश गर्न यस गाउँपालिका गाउँ कार्यपालिकाको बैठकमा सर्व सहमतिले निर्णय गरियो ।

प्रस्ताव नं. १ वडागत बेरोजगारहरुको संख्या वितरण तथा निर्धारण सम्बन्धमा छलफल गर्दा, प्रधानमन्त्री रोजगार कार्यक्रमको बेरोजगार सूची निर्धारण तथा प्राथमिकीकरण मार्गदर्शन, २०७६ बमोजिम सूचिकृत बेरोजगारहरुको सूचि अनुरुप र विगतका योजनाहरुको गुणस्तरका साथै समयमा सम्पन्न गरेको आधार र वडागत जम्मा सूचिकृत बेरोजगारहरुको संख्याको अनुपातलाइ समेत हेरी देहाय बमोजितको वडागत बेरोजगारहरुको संख्या निम्नानुसार वितरण तथा निर्धारण गर्ने निर्णय गरिएयो ।

| क. स. | वडा नं. | कूल बेरोजगार संख्या | वितरण/बाँडफाड संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | १ | ११० | ५ | |
| २ | २ | ३८ | ९ | नविकरण छुट भएको |
| ३ | ३ | २२३ | ११ | |
| ४ | ४ | ३१० | ९ | |
| ५ | ५ | ४४३ | १० | |
| ६ | ६ | २४८ | १० | |
| ७ | ७ | ३५६ | १५ | |
| ८ | ८ | २३८ | ११ | |
| ९ | ९ | ३६८ | ५ | |
| १० | जम्मा | २,३३४ जना | ८५ जना | |

प्रस्ताव नं. २ प्रधानमन्त्री रोजगार कार्यक्रमको यस आ.व. २०८१।०८२ को वडागत योजनाका निर्माण सम्बन्धमा छलफल गर्दा, सबै वडाहरुको राय तथा प्राप्त माग बमोजिम सामुदायीक पूर्वाधार निर्माण तथा मर्मत योजना संचालन निम्न बमोजिमको योजना निर्माण गर्ने निर्णय गरियो ।

(क) वडा नं. १ विभिन्न सामुदायीक पूर्वाधार निर्माण तथा मर्मत योजना

(ख) वडा नं. २ विभिन्न सामुदायीक पूर्वाधार निर्माण तथा मर्मत योजना

(ग) वडा नं. ३ विभिन्न सामुदायीक पूर्वाधार निर्माण तथा मर्मत योजना

(घ) वडा नं. ४ विभिन्न सामुदायीक पूर्वाधार निर्माण तथा मर्मत योजना

(ङ) वडा नं. ५ विभिन्न सामुदायीक पूर्वाधार निर्माण तथा मर्मत योजना

(च) वडा नं. ६ विभिन्न सामुदायीक पूर्वाधार निर्माण तथा मर्मत योजना



अर्जुन चपाईं
प्रमुख प्रशासकीय अधिकृत

अर्जुन गुरुङ
अध्यक्ष

Scanned with CamScanner

(छ) वडा नं. ७ विभिन्न सामुदायीक पूर्वाधार निर्माण तथा मर्मत योजना
(ज) वडा नं. ८ विभिन्न सामुदायीक पूर्वाधार निर्माण तथा मर्मत योजना
(झ) वडा नं. ९ विभिन्न सामुदायीक पूर्वाधार निर्माण तथा मर्मत योजना

प्रस्ताव नं. ३ प्रधानमन्त्री रोजगार कार्यक्रमको यस आ.व. २०८१।०८२ को वार्षिक योजना तथा कार्यक्रमन अनुसार कार्यस्थलमा आधारित सिप/क्षमता विकास तालिम र जिवन उपयोगी सीप तालिम संचालन सम्वन्धमा छलफल हुँदा, उपलब्ध ५ वटा ट्रेडहरु मध्ये २ वटा ट्रेडहरु डकर्मी तालिममा २० जना र प्लम्बर तालिममा २० जना गरी जम्मा ४० जना १८ देखि ४० वर्ष भित्रका सूचिकृत बेरोजगारहरुलाई ५० दिनेको तालिम संचालन गर्ने निर्णय गरियो । साथै, उक्त तालिम संचालनको लागि आवश्यक लागत (स्टिमेट) तयार गरी टेन्डर निश्कासनको तयारी गरी मन्त्रालयबाट प्राप्त परिपत्र र कार्यविधि अनुरुप प्रकृया अगाडी बडाउने निर्णय गरियो ।

**निर्णय नं. ६ : खर्च अनुमोदन सम्बन्धमा :**

चालु आ.व. २०८१/०८२ को मिति २०८१/०४/०१ गते देखि मिति २०८१/०८/२२ गते सम्मको चालु तर्फ शसर्त र निशर्त गरी रु ९,०३,९०,०५८।१६ र पुजीगत तर्फ शसर्त र निशर्त तर्फ रु.१,४४,६६,३३२।- गरी कूल जम्मा खर्च रु.१०,४९,५६,३९०।१६ (दश करोड उनन्पचास लाख छपन्न हजार तीन सय नब्बे र पैसा सोह्र मात्र) अनुमोदनार्थ सभामा पेश गर्ने यस गाउँपालिका गाउँ कार्यपालिकाको वैठकमा सर्व सहमतिले निर्णय गरियो ।

**निर्णय नं. ७ : आर्थिक सहयोग सम्बन्धमा ।**

❖ विविध कार्यक्रम खर्च (२२५२९) विभिन्न धार्मीक, सांस्कृतिक, साहित्यिक महोत्सव दिवस गोष्ठि सम्वन्धि खर्च शिर्षकबाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

१. युनाईटेड बिच युवा क्लव, मर्स्याङ्दी -२, घनपोखरा - रु.५०,०००।-

अर्जुन गुरुङ
अध्यक्ष

अर्जुन चपाई
(प्रमुख प्रशासकीय अधिकृत)



Scanned with CamScanner